लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७५/३/२०

पत्र: प्रथम

समय : ३ घण्टा

विषय : सामान्य ज्ञान, रचना र गणित

*प्रत्येक (Section) को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## Section "A"

१. नेपाल बैंकको स्थापना कहिले भएको हो ?

२. गाईजात्राको चलन कसले चलाएका हुन् ?

३. ब्रेल लिपिका आविष्कारक को हुन् ?

४. नेपालमा जनसंख्याको हिसाबले दोस्रो ठूलो महानगरपालिका कुन हो ?

५. सबैभन्दा बढी अक्सिजन उत्पादन गर्ने वनस्पति कुन हो ?

६. नेपालको राष्ट्रिय गानका रचयिता को हुन् ?

७. नेपाल र ईष्ट इण्डिया कम्पनीबीच सम्पन्न सुगौली सन्धीमा नेपाल र ईष्ट ईण्डिया कम्पनीको तर्फबाट हस्ताक्षर गर्ने को थिए ?

८. नेपालको प्रथम वैज्ञानिक भनेर कसलाई भनिन्छ ?

९. नेपालको प्रथम वैज्ञानिक भनेर कसलाई भनिन्छ ?

१०. हालै भारत र नेपालका प्रधानमन्त्रीहरुबाट शिलान्यास गरिएको जलविद्युत् आयोजनाको नाम, उक्त आयोजना रहेको जिल्ला र उत्तपादन क्षमता लेख्नुहोस् ।

११. नेपाल राष्ट्र बैंकले गर्न नहुने कुनै दुईवटा काम उल्लेख गर्नुहोस् ।

१२. पाथीभरा देवीको मन्दिर नेपालको कुन प्रदेशमा पर्दछ ?

१३. नेपाल राष्ट्र बैंकको सञ्चालक समिति कति सदस्या हुने व्यवस्था छ ?

१४. Good for Payment Cheque को उद्देश्य के हो ?

१५. Artificial Intelligence (AI) रोबोट "सोफिदा" लाई नागरिकता प्रदान गर्ने मुलुक कुन हो ?

१६. 'हरित तारा' भनेर कसलाई चिनिन्छ ?

१७. संघीय सरकारले मन्त्रिपरिषद्मा बढीमा कति सदस्य हुनसक्ने व्यवस्था संविधानले गरेको छ ?

१८. नेपालमा हाल 'क' वर्गका वाणिज्य बैंकहरुको संख्या कति रहेको छ ?

१९. माघी पर्व कसले र कहिले मनाउने पर्व हो ?

२०. २०१७ मा रोहिङ्ग्या समुदायमाथि हिंसा कुन देशमा भएको थियो ?

CamScanner

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः २०७५/०३/२१

पत्रः प्रथम

समय : ३ घण्टा पूर्णाङ्क : १००

## विषय : बैकिङ्ग तथा लेखा

*प्रत्येक (Section) को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## Section "A" 50 Marks

१. नेपाल राष्ट्र बैंकको उद्देश्यहरु लेख्नुहोस् ।

२. क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि तोकिएको न्यूनतम चुक्ता पुंजी कति हो ? वित्तीय कारोवारका आधारमा क र ख वर्गका बैंक तथा वित्तीय संस्थाबीच फरक छुट्याउनुहोस् ।

३. बैंक नगदी किताब भनेको के हो ? बैंक नगदी किताब तयार पार्नुको उद्देश्य उल्लेख गर्नुहोस् ।

४. नाफा नौक्सान हिसाबका विशेषताहरु के के हुन् ? सविस्तार लेख्नुहोस् ।

५. हिसाब मिलान विवरण किन तयार पार्नुपर्दछ ? प्रष्ट पार्नुहोस् ।

## Section "A" 50 Marks

६. सन्तुलन परीक्षणबाट पत्ता नलाग्ने गल्तीहरु के के हुन् ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

७. आन्तरिक नियन्त्रण भनेको के हो ? आन्तरिक लेखापरीक्षणबाट आन्तरिक नियन्त्रणमा हुने सहयोग बुंदागत रुपमा उल्लेख गर्नुहोस् ।

८. सुनगामा कम्पनीको देहाय बमोजिमको जानकारीको आधारमा (क) चालु अनुपात (ख) कुल नाफा अनुपात (ग) खुद नाफा अनुपात (घ) शेयर धनीको लगानीमा प्रतिफल र (ङ) सम्पत्तिमा प्रतिफल पत्ता लगाउनुहोस् ।

| | |
|---|---|
| बिक्री | रु. ४,००,००० |
| ८% | रु. १,००,००० |
| सञ्चालन खर्च | रु. १,४०,००० |
| (८,००० ब्याज समावेश) | |
| शेयरधनीहरुको कोष | रु. १,५०,००० |
| बिक्री सम्पन्न वस्तुको लागत | रु. २,००,००० |
| स्थिर सम्पत्ति | रु. २,००,००० |
| चालु सम्पत्ति | रु. १,५०,००० |

९. प्राथमिक तहको तथ्याङ्क प्रशोधनमा के कस्ता कदमहरु अपनाउनु पर्दछ ? सविस्तार लेख्नुहोस् ।

१०. मनी चेन्जर मनी ट्रान्सफर कम्पनीले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पुँजी (Paid up capital) को बारेमा व्याख्या गर्नुहोस् ।

CamScanner